सुचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ को उपदफा ३ अनुसारको प्रयोजनको लागी घरेलु तथा साना उद्योग कार्यालय बाँकेसँग सम्बन्धित २०८२ साउन देखि २०८२ पुषमसान्तसम्मको सुचनाहरु ।

क. **निकायको स्वरुप र प्रकृतिः-** घरेलु तथा साना उद्योग कार्यालय एक सरकारी निकाय हो। हाल यो कार्यालय लुम्बिनी प्रदेश सरकारको उद्योग, पर्यटन तथा यातायात मन्त्रालय अन्तर्गत उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय मातहतमा रहेको छ। यस कार्यालयले उद्योग प्रशासन तर्फ उद्योग दर्ता ,नवीकरण, खारेजी र उद्योग प्रवरद्धन तथा सहजीकरण जस्ता कार्य गर्दछ।वाणिज्य प्रशासन तर्फ स्थानिय व्यापार व्यावसायको दर्ता, नवीकरणका साथै सरोकारवालाहरुको समन्वयमा बजार अनुगमनसम्मका क्रियाकलापहरु गर्दछ।

ख. **प्रकृतिः-** कार्य प्रकृतिका दृष्टिले यो कार्यालयलेउद्योग वाणिज्यसम्बन्धी सेवा प्रवाह गर्नुका साथै नियामक निकायको समेत भूमिका निर्वाहगर्दछ। यस कार्यालयको काम उद्योग र वाणिज्य क्षेत्रको विकाससँग प्रत्यक्ष सम्बन्धित छ।

ग. निकायको काम कर्तब्य र अधिकारः-

- उद्योग र वाणिज्य दर्ता , नवीकरण, पुजिवृद्धि गर्ने
- नामसारी, ठाँउसारी तथा खारेजी सम्बन्धी काम गर्ने
- उद्योगको अनुगमन गर्ने
- प्रदेश सरकारबाट प्राप्त अनुदान रकमबाट प्रविधि हस्तान्तरण सम्बन्धी काम गर्ने
- स्थानिय तहको माग अनुसार विभिन्न किसिमको तालिमहरु संचालन गर्ने

घ. निकायमा रहने कर्मचारी र कार्य विबरणः-

| क्र. सं. | पद | श्रेणी | सेवा | समुह | पद संख्या | स्थायी संख्या | स्थायी रिक्त | करारमा नियुक्ति | कार्य विबरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख उद्योग अधिकृत | अधिकृत नवौं | प्रशासन | सा.प्र | १ | ० | १ | ० | कार्यालय प्रमुखले गर्नु पर्ने दैनिक प्रशासनिक कार्यका साथै प्रचलित कानुन वमोजिम निर्णय गर्ने | |
| २ | उद्योग अधिकृत | अधिकृत सातौं/आठौं | प्रशासन | सा.प्र | २ | १ | १ | ० | उद्योग अधिकृतलाई तोकिय वमोजिमको प्रशासनिक काम गर्ने | |
| ३ | अधिकृत | पाँचौं/छैठौं | प्रशासन | सा.प्र | ४ | ३ | १ | ० | बिभिन्न फाँटको फाँट प्रमुख भै कार्य गर्ने तथा अन्य कार्य गर्ने | |
| ५ | प्रशिक्षण अधिकृत | विविध | विविध | विविध | १ | ० | १ | ० | विभिन्न तालिमहरु संचालन गर्ने | |
| ६ | लेखापाल | पाँचौं/छैठौं | प्रशासन | लेखा | १ | १ | ० | ० | आर्थिक प्रशासन सम्बन्धी काम गर्ने | |
| ७ | टा.ना.सु | पाँचौं/छैठौं | विविध | विविध | १ | १ | ० | ० | कम्प्युटर सम्बन्धी काम गर्ने | |
| ८ | उ.वि.स | विविध | विविध | विविध | १ | ० | १ | १ | कम्प्युटर सम्बन्धी काम गर्ने | |
| ९ | क.स | विविध | विविध | विविध | १ | ० | ० | १ | तालिमहरु संचालन गर्ने | |
| १० | का.स | विविध | विविध | विविध | ३ | ० | ३ | २ | कार्यालयमा कार्यालय सहयोगीको रुपमा काम गर्ने | |
| ११ | ह.स.चा | बिविध | विविध | विविध | १ | ० | १ | १ | सवारी चालकको काम गर्ने | |
| | कुल जम्मा | | | | १६ | ६ | ९ | ५ | | |

घ . हाल कार्यरत कर्मचारीको विवरण

पुष्कर सिंह ठकुरी
अधिकृत

| क.सं. | कर्मचारीको नाम | पद श्रेणी | कैफियत |
|---|---|---|---|
| १ | मोहन घर्ति मगर | प्र.प्रमुख उद्योग अधिकृत, (आठौं तह) | |
| २ | पुष्कर सिंह ठकुरी | वरिष्ठ अधिकृत(सातौं तह) | |
| ३ | मुकुन्द राज के.सी | नायब सुब्बा | |
| ४ | केशव राज पौडेल | नायब सुब्बा | |
| ५ | मो. आफाक अहमद खाँ | अधिकृत लेखा | |
| ६ | सन्तोष कुमार श्रेष्ठ | टा.ना.सु | |
| ७ | मिना पाण्डे | उ.वि.स | करार |
| ८ | रन्जना चौधरी | कम्प्युटर अपरेटर | करार |
| ९ | ममिता घर्ति मगर | तथ्याङ्क अपरेटर | करार |
| १० | रिता चौधरी | का.स | करार |
| ११ | रामकिशोर चौधरी | का.स | करार |
| १२ | सकिर वेहना | ह.स.चा | करार |

ङ. सेवा प्रास गर्न लाग्ने दस्तुर र अबधी -

| क.सं | उपलब्ध सेवाहरु | संलग्न गर्नुपर्ने कागजहरु | सेवा लिन लाग्ने राजश्व | सेवादिने कर्मचारी शाखा | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|
| १. | औधोगिक व्यवसाय ऐनको दफा ५ बमोजिम उद्योग दर्ताको प्रमाणपत्र उपलब्ध गराउने । | १.उद्योग रहने स्थानको जग्गाधनी प्रमाणपुर्जाको फोटोकपि ।<br>२. उद्योग रहने जग्गा उद्यमी बाहेक एकाघरका अरु परिवारको नाममा भएको जग्गाधनीको मन्जुरीनामा / जग्गा भाडामा लिने भएमा रीतपूर्वकको घरजग्गा भाडा सम्झौता ।<br>३.औ.व्या.ऐन २०७६ को दफा १६ बमोजिम उद्योगको स्थिर पुजी र आवश्यक्ता अनुसार चालु पुजी खुलाईएको व्यावसायिक योजना (Scheme) तर ससाना उद्योगको लागि टिपोट भए पुग्ने ।<br>४. सम्बन्धित वडा नगरपालिका गाउपालिका को वडाबाट गरिएको चौतर्फि संधियारले उद्योग संचालन गर्दा बाधा विरोध नपर्ने र वातावरणीय प्रदुषण नहुने भन्ने व्यहोराको सर्जिमिन मुचुल्का।<br>५. सम्बन्धित वडा कार्यालयको मुचुल्का प्रमाणित सहितको सिफारीस।<br>६. दुरी प्रमाणित आवश्यक पर्ने उद्योगहरुको लागि सम्बन्धित निकायले गरिदिएको प्रमाणपत्र।<br>७. निश्चित आकार र क्षेत्रफलको जग्गा आवश्यक पर्ने उद्योगको हकमा ब्ल्युप्रिन्ट नक्शा ट्रेश नक्सा र सम्बन्धित निकायले रेडियस प्रमाणित गरिदिएको पत्र ।<br>८. उद्योग दर्ता पूर्व सम्बन्धित निकायको सहमति आवश्यक पर्ने उद्योगको हकमा त्यस्तो निकायले प्रदान गरेको सहमति पत्र<br>९. प्रारम्भिक बातावरणीय परीक्षण गर्नुपर्ने।<br>१०. औ.व्य.ऐन २०७६को दफा १६ बमोजिम अनुमति लिनुपर्ने उद्योगको हकमा अनुमति पत्र।<br>११. उद्योगमा कार्य गर्न खास सीप र योग्यता भएको जनशक्ति आवश्यक पर्ने उद्योगको हकमा त्यस्तो जनशक्तिको नेपाली नागरिकता, शैक्षिक योग्यता र तालिम प्रमाणपत्रको फोटोकपी र उक्त उद्योग संग काम गर्न तयार रहेको प्रतिबद्धता पत्र ।<br>१२. ठेक्का पट्टा जस्ता निश्चित प्रकारका यन्त्र उपकरण आवश्यक पर्ने उद्योगमा प्रयोग हुने यन्त्र उपकरण चालु अवस्थामा रहेको दर्ता वाला मेकानिकल ईन्जिनियर प्रमाणित गरिएको पत्र,खरिद बिल र बीमा गरेको प्रमाणपत्र ।<br>१३. उद्योग मन्त्रालय वा अन्य निकायबाट सिपमुलक तालिम लिई लघु उद्धेममा उद्योग दर्ता गर्न चाहने उद्धेमिले तालिम | प्र. फ ताथा सा. फ को लागि<br>कुल पुजि लगानि ५००००१ देखि २०००००० सम्म रु ५०००<br><br>२०००००१ देखि ५०००००० सम्म रु १५०००<br><br>५००००००१ देखि माथि रु २५०००<br>(महिला, दलित, अपाङ्गका लागि तोकिएको कागजात पेश गरेमा प्रचलित कानून बमोजिम दर्ता शुल्कमा पचास प्रतिसत छुट दिइने) | उद्योग प्रशासन शाखामा कार्यरत सहायक पाँचौ /अधिकृत छैठौं /सातौं कर्मचारी | उद्योग अधिकृत वा प्रमुख उद्योग अधिकृत |

पुष्कर सिंह ठकुरी
अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | लिएको प्रमाणपत्रको फोटोकपि ।<br>१४. उद्योग दर्ताको निवेदन ख फाराम ।<br>१५. प्रा. लि भएमा प्रबन्धपत्र नियमावली र दस्तुर तिरेको रसिदको फोटोकपी ।<br>१६. साझेदारी फर्म भएमा साझेदारहरुवीच गरिएको रीतपूर्वकको करारनामा ।<br>१७. एक प्रति पास्पोर्ट साइजको फोटो ।<br>१८. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि । | | | |
| २ | उद्योग नविकरण | १. उद्योग दर्ताको सक्कल प्रमाणपत्र ।<br>२. आन्तरिक राजश्व कार्यालयबाट लिएको पान नं प्रमाणपत्रको फोटोकपि ।<br>३. नविकरण गर्न भन्दा एक आ. व. को कर चुक्ता प्रमाण वा रसिद ।<br>४. सम्बन्धित निकायबाट अनुमति लिनुपर्ने उद्योगको हकमा त्यस्तो अनुमतिपत्र लिएको/ नविकरण गरेको प्रमाणपत्र ।<br>५. तोकिएको ढाँचामा निवेदन । | प्रा. फको<br>कुल पुजी ५००००० देखि २०००००० सम्म रु १०००<br><br>२००००० देखि ५०००००० सम्म रु ३०००<br><br>५०००००१ देखि माथि रु ५०००<br><br>सा. फको<br>कुल पुजी ५००००० देखि २०००००० सम्म रु ५००<br><br>२००००० देखि ५०००००० सम्म रु १५००<br><br>५०००००१ देखि माथि रु २५००<br>(तोकिएको समय भित्र नवीकरण गर्न नआएमा नियमानुसार जरिवाना लाग्ने) | उद्योग प्रशासन शाखामा कार्यरत सहायक पाँचौ /अधिकृत छैठौं /सातौ कर्मचारी | उद्योग अधिकृत वा प्रमुख उद्योग अधकृत |
| ३ | उद्योगको पुजीवृदि/क्षमतावृद्धि | १. उद्योग दर्ताको सक्कल प्रमाणपत्र।<br>२. अघिल्लो आ.वका करचुक्ता प्रमाणपत्र/ कर तिरेको रसिद<br>३. उद्योगमा थप हुने मेसिन औजार उपकरण जग्गा आदि स्थिर पुजि र आवश्यक्ता अनुसार थप हुने चालु पुजि समावेश भएको नयाँ व्यवसाईक योजना वा टिपोट/ IEE गर्नु गर्नु पर्ने भएमा सो गरेपछि मात्र क्षमता वृद्धि हुने ।<br>४. तोकिएको ढाँचामा निवेदन । | | उद्योग प्रशासन शाखामा कार्यरत सहायक पाँचौ /अधिकृत छैठौं /सातौ कर्मचारी | उद्योग अधिकृत वा प्रमुख उद्योग अधकृत |
| ४ | उद्योगको ठाँउसारी गर्ने | उद्योग दर्ता गर्दा जस्तै सबै प्रमाणहरु र अर्को जिल्लामा सरिजानेभए उक्त जिल्लामा रहेको घरेलु तथा साना उद्योग कार्यालयको सहमति। | | उद्योग प्रशासन शाखामा कार्यरत सहायक पाँचौ /अधिकृत छैठौं /सातौ कर्मचारी | उद्योग अधिकृत वा प्रमुख उद्योग अधकृत |
| ५ | उद्योग नामसारी | १. उद्योग दर्ताको सक्कल प्रमाणपत्र ।<br>२. आन्तरिक राजश्व कार्यालयको सिफारीस ।<br>३. रीतपुर्वकको बिक्रिनामा कागज ।<br>४. लिने र दिने दुवै व्यक्तिको उपस्थिति ।<br>५. लिने व्यक्तिको नागरिकता प्रमाणपत्रको फोटोकपि ।<br>६. दुई प्रति पास्पोर्ट साईजको फोटो ।<br>७. मृत्युको कारण नामसारी गर्नु पर्ने भएमा मृत्युदर्ताको प्रमाणपत्र/ नाता प्रमाणित र सम्बन्धित स्थानीय तहको सिफारिस पत्र। | | उद्योग प्रशासन शाखामा कार्यरत सहायक पाँचौ /अधिकृत छैठौं /सातौ कर्मचारी | |
| ६ | उद्योगको खारेजी | १. उद्योग दर्ताको सक्कल प्रमाणपत्र ।<br>२. प्रोप्राईटर स्वयम् उपस्थित हुन पर्ने ।<br>३. आन्तरिक राजश्व कार्यालयको सिफारीस वा गत आ.व.को कर चुक्ता प्रमाणपत्र। | | उद्योग प्रशासन शाखामा कार्यरत सहायक पाँचौ /अधिकृत छैठौं | उद्योग अधिकृत वा प्रमुख उद्योग अधकृत |

पुष्कर सिंह ठकुरी
अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | ४. दर्ता खारेज गराउँ भन्ने निवेदन ।<br>५. प्रा.लि भएमा कम्पनी रजिष्ट्रार कार्यालयमा खारेज भएको हुनु पर्ने ।<br>६. सा. फ भएमा निर्णय सहित सबै साझेदार उपस्थित हुन पर्ने । | | /सातौं कर्मचारी | |

२०८२ साल पुष मसान्त सम्मको कुल राजश्व आम्दानी रु साउन देखि पुषसम्म उद्योग तर्फ रु. ३४,६३,९५०।-
२०८२ साल पुष मसान्त सम्मको कुल राजश्व आम्दानी रु साउन देखि पुष सम्म वाणिज्य तर्फ रु. ५४,०५,६७५।–
कुल जम्मा- रु. ८८,६९,६२५।-

उद्योग दर्ता संख्या २०८२ पुष मसान्त सम्मः ३३०
वाणिज्य दर्ता संख्या २०८२ पुष मसान्त सम्मः ३२९
जम्माः ६५९

तयार गर्नेः
पुष्कर सिंह ठकुरी
सुचना अधिकारी

पुष्कर सिंह ठकुरी
अधिकृत

प्रमाणित गर्नेः-